# पञ्चदेवल विनायक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## विनायक, अछाम
### सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.०८२/०८३
च.नं. : ४९९

मितिः २०८२/०८/०२
ने.सं. ११४६ कछलागा १३, मंगलबार

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना ।

श्री यो जो जससँग सम्बन्धित छ ।

अछाम जिल्ला पञ्चदेवल विनायक नगरपालिका अन्तर्गत श्री सरस्वती माध्यमिक विद्यालय पञ्चदेवल विनायक न.पा. २ विनायक, अछाममा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. १२ मिति २०८२/०७/१२ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

.........................................
**कृष्णप्रसाद खरेल**
**प्रमुख प्रशासकीय अधिकृत**

कृष्णप्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

**पुनश्चः**

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगानाः **saraswatisecondary7@gmail.com** मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।

**बोधार्थः**

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ मंगलसैन, अछाम ।
२. श्री सरस्वती मा.वि. पञ्चदेवल विनायक न.पा. २, अछाम ।
३. श्री सूचना प्रविधि शाखा पञ्चदेवल विनायक न.पा. सूचना वेबसाइटमा अपलोड गरिदिनु हुन ।